**मिति २०७६/०२/२६**

**प्रस्तावहरु**

१. प्रगति प्रतिवेदन प्रस्तुत गर्ने ।

२. आ.ब ०७६/०७७ का लागि बजेट नीति तथा कार्यक्रम बारे ।

३. विभिन्न विधेयकहरु तथा राष्ट्रिय शिक्षा नीति बारे ।

४. विविध ।

**निर्णयहरु**

प्रस्ताव नं. १ मा, संघका कार्यकारी निर्देशक कलानिधि देवकोटाले पेश गर्नुभएको संघको हालसम्मको (आ.ब ०७५/७६) प्रतिवेदन माथि छलफल गरी सुझाव सहित पारित गरियो ।

प्रस्ताव नं. २ मा, आ.ब ०७६/७७ को बजेट नीति तथा कार्यक्रम तयार गर्न संघका कोषाध्यक्ष श्री घनश्याम पाण्डेको संयोजकत्वमा निम्न बमोजिम समिति बनाउने निर्णय गरियो उक्त समितिले आगामी बैठकमा यस संघको नीति तथा कार्यक्रम पेश गर्ने निर्णय गरियो ।

१. श्री घनश्याम पाण्डे कोषाध्यक्ष

२. श्री हरिप्रभा खड्गी सह-कोषाध्यक्ष

३. श्री कलानिधि देवकोटा कार्यकारी निर्देशक

४. श्री प्रमोद अर्याल वित्त तथा प्रशासकीय अधिकृत

प्रस्ताव नं. ३ मा, शिक्षा विधेयक तथा प्रस्तावित राष्ट्रिय शिक्षा नीतिमा राखिएका केहि प्रावधान संविधानको स्थानीय सरकारको एकल अधिकार सुचिमा रहेको माध्यामिक शिक्षाको व्यवस्थापन गर्ने अधिकार समेत संकुचित गर्ने खालको भएको हुँदा सो बारे संघीय र प्रादेशिक सरकारको पुनः ध्यानाकर्षण गर्ने र सो माग हाँसिल नहुदासम्म गाउँपालिका राष्ट्रिय महासंघसंग संयुक्त बैठक गरि आवश्यक विरोधको कार्यक्रम अघि बढाउने निर्णय गरियो ।

**मिति २०७६ पौष १**

**प्रस्तावहरु**

१. प्रगती प्रतिबेदन प्रस्तुत गर्ने ।

२. जनप्रतिनिधिहरुको सेवा सुविधा बारे ।

३. PLGSP कार्यक्रम बारे ।

४. नगरसभा नभएका नगरपालिकाहरु बारे ।

५. बाझिएका ऐनहरु बारे ।

६. Sanitation champion मेयर सम्बधमा ।

७. विविध ।

**निर्णयहरु**

प्रस्ताव नं. १ मा, नेपाल नगरपालिका संघका कार्यकारी निर्देशक कलानिधि देवकोटाले प्रस्तुत गर्नुभएको संघको हाल सम्मको प्रगती प्रतिवेदनमा सामान्य छलफल गरी सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ मा, जनप्रतिनिधिहरुको पारिश्रमिक तथा सेवा सुविधा बारे समन्वय गर्न प्रदेश मुख्य मन्त्री र प्रदेश स्तरमा रहेका अन्य सरोकारवालाहरुसंग संवाद तथा सहकार्य गर्न आवश्यक कार्यक्रम बनाउने र पहल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ मा, PLGSP कार्यक्रम प्रक्रिया र प्रतिनिधित्व प्रणाली बारे उपयुक्त व्यवस्था गर्न र संस्थागत प्रतिनिधित्वका लागि पत्राचार गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ मा, आ.ब ०७६/७७ का लागि हालसम्म नगरसभा सम्पन्न नगर्ने नगरपालिकाहरुका लागि सहजिकरण गर्न टोलि बनाई तत्काल पहल गर्न जाने निर्णय गरियो ।

प्रस्ताव नं. ५ मा, कर, शिक्षा, वन, सम्पत्ती हस्तान्तरण, जनशक्ति व्यवस्थापन बारे लाईन एजेन्सी - कृषि, वन, पशु, स्वास्थ्य, बातावरण, घरेलु उद्योग, खानेपानी) आदिमा बाझिएका ऐन बारे कानुनी उपचारमा जाने निर्णय गरियो । र सो कार्यका लागि कानुन विज्ञसंग परामर्श गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ मा, यस संघद्धारा संचालित Municipalities Network Advocacy on Sanitation in South Asia परियोजिन अन्तर्गत Pilot नगरपालिकाको रुपमा छनौट भई परियोजना लागू भइरहेका नगरपालिकाहरु लहान, धुलिखेल, वालिङ, लमहि र भिमदत्तका नगरप्रमुखहरुलाई नै Sanitation Champion मेयर बनाउने निर्णय गरियो । यसका लागि सम्बन्धित मेयर र नगरपालिकाहरुको दिशाजन्य लेदो व्यवस्थापन बिषयमा क्षमता विकास गरी यस विषयमा वकालत तथा जानकारी आदान प्रदान सहयोग र समन्वयका लागि नेतृवदायी भुमिकामा अग्रसर गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ७ (क) मा, नेपाल नगरपालिका संघको केन्द्रिय कार्यालयमा रिक्त वित्त तथा प्रशासकिय प्रबन्धक पदको पदपुर्तिका लागि प्रक्रिया अगाडी बढाउनका लागि पदपुर्ति समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ७ (ख) मा, Urban Development Academy Nepal को स्थापना गर्ने बारे पहल गर्ने र आवश्यक खाका तयार गर्न विज्ञ समुहसंग परामर्श गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ (ग) मा, तत्कालिन काठमाडौं नगरपालिकाको पहिलो निर्वाचनमा निर्वाचित जनकमान श्रेष्ठको ९२ वर्षको उमेरमा २०७६ मंसिर २७ गते शुक्रबार निधन भएको प्रति गहिरो दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

मिति २०७७ साल जेठ १३

**प्रस्तावहरु:**

१. प्रगती प्रतिबेदन प्रस्तुत गर्ने ।

२. कोभिड नियन्त्रण तथा रोकथाम बारे ।

३. आ.ब ०७७/७८ का लागि बजेट तर्जमा बारे ।

४. नगरपालिकाका अधिकारमा हस्तक्षेप बारे

५. बित्त अधिकृतको पदपुर्ती

६. संघका विषयगत समितीहरुको गठन

७. प्रदेश कार्यलय ब्यवस्थापन बारे

८. बिबिध

**निर्णयहरु:**

प्रस्ताव नं. १ मा, नेपाल नगरपालिका संघका कार्यकारी निर्देशक श्री कलानिधि देवकोटाले प्रस्तुत गर्नुभएको प्रगती प्रतिवेदनमा छलफल गरी केहि बँदामा सुझाव सहित सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो । साथै नगरपालिकाहरुलाई आगामी आ.ब का लागि बजेट, नीति

तथा कार्यक्रम निर्माण गर्दा स्वास्थ्य तथा कृषिलाई प्राथमिकता दिन परिपत्र गर्ने समेत समावेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ मा, संघले हालसम्म कोभिड १९ रोगको रोकथाम तथा नियन्त्रणका लागि गरेका कार्यहरुको अवगत गराउँदै नगरपालिकाहरुमा दिनानु दिन सयौँको संख्यामा विदेशबाट भित्रिने गरेका नागरिकहरुको आवस्यकता अनुसार ज्वरो लगायतका स्वस्थ्य परिक्षण गरि क्वारेन्टीनमा राख्ने र सरक्षित रुपमा नगरपालिका प्रवेश गराउने कार्य गर्ने व्यवस्थापनका लागि नगरपालिकाहरुलाई प्रदेश र संघीय सरकारले विशेष सहयोग गर्न ध्यानाकर्षण गर्ने निर्णय गरियो । साथै स्थानीय सरकारहरुले हाल गर्दै आएका क्वारेन्टिन तथा आइसोलेशन कक्षको व्यवस्थापन, राहत वितरण, विशेष स्वास्थ्य सामाग्री खरिद, स्वास्थ्य कर्मिहरुलाई भत्ता वितरण जस्ता कार्यहरु संघ र प्रदेश सरकारको दायित्व भित्र पर्ने र स्थानीय तह अन्तर्गत आधारभुत स्वास्थ्य सेवा र सरसफाई पर्ने भएता पनि महामरी नियन्त्रण साझा प्रयासमा मात्र सम्भव हुने हँदा उल्लेखित प्राय सबै जिम्मेवारी स्थानीय तहले वहन गरिरहेको हुँदा कोभिड नियन्त्रणका लागि तिनै तहका सरकारको साझेदारीमा बजेट व्यवस्थापन गर्न संघ र प्रदेश सरकारलाई ध्यानाकर्षण गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ३ मा, यस संघको आ.ब ०७७/७८ का लागि बजेट नीति तथा कार्यक्रमको तयारीका लागि विगतमा झैं संघका कोषध्यक्ष, सह-कोषाध्यक्ष, कार्यकारी निर्देशक र वित्त तथा प्रशासन ब्यवस्थापकलाई जिम्मेवारी दिने निर्णय गरीयो ।

प्रस्ताव नं. ४ मा, संघीयताको मर्म र भावना विपरित संघीय तथा प्रदेश सरकारसबाट विभिन्न  ऐन, कानुन तथा परिपत्रहरु मार्फत स्थानीय सरकारका अधिकारहरुको हस्तक्षेप भइरहेको कारण गत सचिवालय बैठकले कानुनी उपचारमा जान कार्यकारी निर्देशकले कानुन विदको सहयोगमा आवस्यत दस्तावेज तयार गर्ने भनिएकोमा उक्त मस्यौता उपर सम्बन्धित कानुन विद र संघका कानुन अधिकृतको सहयोगमा संघको विधायन समितिले प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ५ मा, यस संघमा रिक्त वित्त तथा प्रशासन ब्यवस्थापक पदको पदपुर्तिकालागि विज्ञापन भई प्राप्त आवेदनहरुबाट प्रारभिक छोटो सुची समेत तयार भैसके पनि विद्यमान लकडाउनले छनौट प्रक्रिया सम्पन्न हुन नसकेका कारण आर्थिक प्रशासनका कार्य सम्पादन गर्न र आ.व. ७७/७८ को वजेट तयार गर्न यथा सक्य चाँडो विज्ञ समुहको सहभागितामा

कार्यकारी निर्देशकले लिखित तथा अन्तरवार्ता सम्पन्न गरि पदपुर्ति समितिमा उत्कृष्ट दुई जना उम्मेदवार सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ मा, नगरपालिकाका विविध समस्या र चुनौतीलाई हल गर्न र सम्भावित अवसरहरु पहिचान गरि सदस्य नगरपालिहरुलाई लाभ लिन मद्दत गर्ने उद्देश्यले यस संघको विधानमा व्यवस्था भए बमोजिम केन्द्रीय सदस्य १ जना रहने गरि नगर प्रमुख र उप्रमुख सहित ५ जना सदस्य रहने गरि आवस्यकता अनुसार विषयगत समितिहरु गठन गर्ने निणय गरियो । साथै समितिको उद्देश्य, कार्यक्षेत्र र भुमिकाको प्रष्टताका लागि प्रत्येक समितिका अवधारणा पत्रहरु र समितिलाई परामर्श दिन सम्बन्धित विषय विज्ञहरुको समुह परिचालन गर्ने प्रस्ताव आगामि बैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्तावनं. ७ मा, यस संघ अन्तर्गत प्रदेश कार्यालयहरु व्यवस्थापनका सम्बन्धमा विद्यमान लकडाउनका कारण अपेक्षित रुपमा सहृय गराउन नसकिएको र सदस्यता शुल्क समेत संकलन गर्न कठिनाइ भएकोले हाललाई विधानत तिस प्रतिसत प्रदेशलाई जाने सदस्यता शुल्कले कार्यालय तलब व्ययभार थेग्न नसकेको भनि प्रदेश व्यवस्थापकहरुले हाल पेश्कि स्वरुप रकम माग गरेकोमा रु १/१ लाखका दरले सबै प्रदेश कार्यालयहरुमा रकम पठाउने निर्णय गरियो । प्रदेश कार्यालय व्यवस्थापन गर्न अन्य स्रोतको पहिचान गर्ने र सम्भव भए सम्म परिचालन गरी प्रदेश कार्यालयलाई थप सकृय बनाउने निर्णय गरियो ।

प्रस्ताव नं. ८ (क) मा, विद्यमान परिस्थितीमा नेपाल नगरपालिका संघका संघका गतिविधि मिडीया तथा अनलाइन प्रविधिका माध्यमले थप प्रभावकारी बनाउनु पर्ने भएकाले सुचना मुलक विविध कार्यक्रम तयार गरि प्रसारण गर्न संघको आफ्नो युट्युव च्यानलको शुरुवात गर्ने र सोका लागि आवश्यक प्रकृया अगाडी बढाउन कार्यकारी निर्देशक कलानिधि देवकोटालाई अख्तियारी दिने निर्णय गरियो ।

प्रस्ताव नं ८ (ख) मा, राष्ट्रिय गौरबका योजनाहरुका कारण स्थानीय सरकारहरुको अधिकारमा संकुचन भएका कारण त्यस्ता आयोजनाहरुको कारण स्थानीय सरकारहरुको अधिकारमा भएको हस्तक्षेपका बारेमा अध्ययन गरी धारणा प्रस्तुत गर्ने निर्णय गरियो । साथै सरकारले हालै जारी गरेको आ.ब ०७७/७८ का लागि प्रस्तुत भएको नीति तथा कार्यक्रम अध्ययन गरी सुझाव पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ (ग) मा, राष्ट्रिय योजना आगोगबाट भएको परिपत्र बमोजिम समपुरक अनुदानमा बहुबर्षिय ठेक्का स्विकृत गर्ने सम्बन्धमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई ध्यानाकर्षण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ (ग) मा, नेपाल सरकारले नेपालको नक्सा सुगौली सन्धिले कायम गरेको नेपालको सिमाना अनुसार परिमार्जन र अद्यावधिक गरि नेपलको संविधानमा रहेको निशान छापमा रहेको नेपालको नक्सा परिमार्जन गर्न संसदमा दर्ता गरेकोमा नेपाल सरकारलाई हार्दिक बधाई तथा धन्यबाद ज्ञापन गर्दै र नेपाल नगरपालिका संघको लोगो भित्रको नेपालको नक्सा अद्यावधिक गर्न यथा सक्य चाँडो लोगो परिवर्तन गर्ने निर्णय गरियो ।